# काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेडको

# १७ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**शेयरधनी महानुभावहरु,**

मिति २०८३।०५।०७ गते शुक्रबार बसेको यस कम्पनीको सञ्चालक समितिको ३२५ औं बैठकको निर्णयानुसार कम्पनीको १७ औं साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावमा छलफल र निर्णय गर्नका लागि बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरु स्वयं वा रितपूर्वकको प्रतिनिधिद्धारा उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, स्थान र समयः**

मितिः २०८३ साल असोज महिना २ गते शुक्रबार

स्थानः काठमाण्डौ मेडिकल कलेज, दुवाकोट, भक्तपुर(मल्टिपर्पोज हल)

समयः विहान ११ बजे।

**छलफलका प्रस्तावहरु**

१. **सामान्य प्रस्तावः**

१.१ सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूद्धद्वरा पेश हुने कम्पनीको आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

१.२ कम्पनीको आ.व.०८२/०८३ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनूसुचीहरु उपर छलफल गरी पारित गर्ने।

१.३ कम्पनीको आ.व. ०८३/०८४ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने।

१.४ सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व.०८२।०८३ को नाफा तथा वाड्न योग्य संचित मुनाफाको रकम मध्येबाट चुक्ता पूँजीको २५ प्रतिशत (कर सहित) रकम शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विशेष प्रस्तावः**

२.१ सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम कम्पनीको नियमावलीको नियम ३२ अनुसार कार्यकारी अध्यक्षको पारिश्रमिक बृद्धि तथा अन्य सुविधा तोक्ने सम्बन्धमा।

२.२ अस्पतालको स्तर वृद्धिकालागि विभिन्न प्रकारका स्वास्थ्य उपकरणहरु खरिद गरी विश्वस्तरिय स्वास्थ्य सेवा संचालन गर्नुपर्ने अवस्था भएमा, स्वास्थ्य सेवा संचालनार्थ आवश्यकता अनुसार घर जग्गा समेत खरिद गनुपर्ने अवस्था हुन आएको खण्डमा सो को लागी आवश्यक पर्ने श्रोत जुटाउन विभिन्न बैंकहरुबाट कर्जा लिनका लागी कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

३. **विविध।**

कम्पनीको व्यवसाय विस्तारका लागि समान उद्देश्य भएका तथा अन्य उद्देश्य भएका (हाइड्रो इनर्जी तथा सोलार इनर्जी) लगायत विभिन्न कम्पनीहरु खरिद गर्न तथा त्यस्ता कम्पनीहरुको शेयरमा लगानी गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

## साधारण सभा सम्बन्धी जानकारी

१. मिति २०८३/०५/११ गते देखि २०८३/०६/०२ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०५/१० गते सम्म ओ.टि.सि. कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

२. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेको Email ठेगानामा पठाइनेछ र यस कम्पनीको शेयर रजिष्ट्रार कम्पनीको website: www.kmc.edu.np मा साधारण सभा हुने मिति भन्दा अगावै राखिने छ।

३. प्रोक्सी दिने शेयरधनीले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै रितपूर्वकको प्रतिनिधि पत्र (प्रोक्सी) कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता भएकोलाई मान्यता दिईनेछ। प्रोक्सी सम्बन्धी अन्य व्यवस्थाहरु विद्यमान कम्पनी ऐन र कम्पनीको नियमावली अनुरुप हुनेछ।

४. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, सिनामंगल काठमाडौंमा (कम्पनी सचिवको कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**